# प्रदेश लोक सेवा आयोग

## सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

**(अन्तर्वार्ता तथा सिफारिस शाखा)**

☏: 091-527600, 527604, Website:-www.psc.sudurpashchim.gov.np, Email:- ppsc.p7@gmail.com


## वैकल्पिक उम्मेदवार सिफारिस सम्बन्धी सूचना

सूचना नं. ९२/०८२-८३, मिति २०८२।११।०१ गते

यस आयोगको वि.नं. ५४२/०८१-८२ (दलित), प्रदेश स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेज समूह, आठौं तह, मेडिकल अधिकृत पदको सूचना नं. ५३/०८२-८३, मिति २०८२/१०/०९ गते प्रकाशित उम्मेदवार सिफारिस सम्बन्धी सूचना अनुसार सिफारिस भएका रोल नं. ३४५ का उम्मेदवार श्री विसर्जन नेपाली प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर मेडिकल अधिकृत पदमा षडानन्द नगरपालिका, भोजपुरमा सिफारिस भई उक्त नगरपालिका वा अन्तर्गतमा सोही पदमा कार्यरत रहेकोले आवश्यक छानविन गरीपाउँ भन्ने व्यहोराको निवेदन यस आयोगमा मिति २०८२/१०/११ गते पेश भएकोले सो सम्बन्धमा आवश्यक छानविन हुँदा निज विसर्जन नेपाली प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरको सूचना नं. २४/२०८२-०८३, मिति २०८२/०४/२२ गतेको उम्मेदवार सिफारिस गरिएको सूचना बमोजिम वि.नं. ८००४/२०८१-०८२ (दलित), स्थानीय स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेज समूह, अधिकृतस्तर आठौं तह, मेडिकल अधिकृत पदमा षडानन्द नगरपालिका, भोजपुरमा सिफारिस भई उक्त नगरपालिका अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र मुलपानीमा मिति २०८२/०६/०५ गतेदेखि उल्लेखित समान तहको पदमा कार्यरत रहेको व्यहोराको जानकारी प्राप्त भएको हुँदा योग्यताक्रम नं. १ मा रहेका रोल नं. ३४५ का उम्मेदवार श्री विसर्जन नेपाली सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १०क. को उपदफा (१) बमोजिम अयोग्य रहेकोले सुदूरपश्चिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४७ को उपदफा (१) को खण्ड (ग) बमोजिम निजको सिफारिस रद्द गरी वैकल्पिक योग्यताक्रमको १ नं. सूचीमा रहेका रोल नं. १३३ का उम्मेदवार श्री कुम्भ राज वि.क.लाई सम्बन्धित निकायमा नियुक्तिका लागि सिफारिस गर्ने गरी यस आयोगबाट मिति २०८२।१०।२९ मा निर्णय भएको हुँदा निजलाई सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीमा नियुक्तिका लागि सिफारिस गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

### योग्यताक्रमबाट हटाइएको उम्मेदवारको विवरण

| यो.क्र.नं | रोल नं. | उम्मेदवारको नामथर | ठेगाना | बाबुको नाम | आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|---|
| १ | ३४५ | विसर्जन नेपाली | थासाङ-४, मुस्ताङ | उदय | तिल कुमारी | लाल वीर |

### वैकल्पिक योग्यताक्रमबाट सिफारिस गरिएको उम्मेदवारको विवरण

| वै.यो.क्र.नं | रोल नं. | उम्मेदवारको नामथर | ठेगाना | बाबुको नाम | आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|---|
| १ | १३३ | कुम्भ राज वि.क. | बुढीनन्दा-५, बाजुरा | रण बहादुर | शान्ति देवी | दले |

| ........................ | ........................ | ........................ |
|---|---|---|
| (दिर्घमती जोशी) | (सरोज चौधरी) | (अमृता भट्टराई) |
| नायब सुब्बा | शाखा अधिकृत | उपसचिव |